# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

**ट्रेडटावर थापाथली, काठमाडौं**

**पदपूर्ति सम्बन्धी सूचना**

**पुनः प्रकाशित मितिः २०७५/०६/११**

यस कम्पनीमा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्धारा करार सेवामा नियुक्ति गर्नको लागि मिति २०७५।०५।२४ गते सार्वजनिक सूचना प्रकाशित भएकोमा यस कम्पनीको पदपूर्ति सम्वन्धी कार्यविधि बमोजिम आवश्यक संख्या र योग्यतामा आवेदन प्राप्त नभएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कम्पनीको कार्यालयमा आइपुग्ने गरी पुनः दरखास्त आह्वान गरिएको छ। दरखास्त इमेलबाट वा कम्पनीको कार्यालयमा दर्ता गरी पेश गर्न सकिनेछ। रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

| सि.नं. | पद | तह | माग पद संख्या | आवश्यक न्यूनतम योग्यता | विशेष ग्राह्यता |
|---|---|---|---|---|---|
| 1 | Engineering Geologist | ७ | १ | भूगर्भ शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण | जलविद्युत आयोजनाको फिल्डमा कार्य गरेकोलाई अनुभव बमोजिम विशेष ग्राहयता |
| 2 | Geotechnical/ Tunnel engineer | ७ | २ | सम्बन्धित विषयको इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण | जलविद्युत आयोजनाको सुरुङ, भूमिगत पावरहाउस डिजाइनमा १ वर्षभन्दा बढी काम गरेकोलाई अनुभव बमोजिम विशेष ग्राह्यता |
| 3 | Drilling Supervisor | ५ | १ | सम्वन्धित विषयको प्राविधिक प्रविणता तह (Diploma/IE) उत्तीर्ण वा प्राविधिक प्रवेशिका परीक्षा कक्षा उत्तीर्ण भई CTEVT सम्वन्धन प्राप्त संस्थाबाट सम्वन्धित विषयमा ग्रेड (तह) ४ को दक्षताको प्रमाणपत्र प्राप्त। | ड्रिलिङमा १ वर्ष भन्दा बढी कार्य गरेको अनुभवलाई विशेष ग्राह्यता |
| 4 | IT Technician | ५ | १ | कम्प्युटर इन्जिनियरिङ्गमा डिप्लोमा वा प्रविणता प्रमाणपत्र तह उत्तीर्णा | कम्प्युटर मर्मत सम्वन्धी १ वर्ष भन्दा बढी कार्य गरेको अनुभवलाई विशेष ग्राह्यता |
| 5 | Technician Mechanical | ३ | १ | १० कक्षा उत्तीर्ण भई CTEVT सम्वन्धन प्राप्त संस्थाबाट सम्वन्धित विषयमा ग्रेड (तह) २ को दक्षताको प्रमाणपत्र प्राप्त वा सम्वन्धित विषयमा ६ महिनाको तालीम गरी १ वर्षको अनुभव प्राप्त | ड्रिलिङ वा वर्कशप वा पावरहाउसमा १ वर्ष भन्दा बढी कार्य गरेको अनुभवलाई विशेष ग्राह्यता |
| 6 | Technician Civil | ३ | १ | १० कक्षा उत्तीर्ण भई CTEVT सम्वन्धन प्राप्त संस्थाबाट सम्वन्धित विषयमा ग्रेड (तह) २ को दक्षताको प्रमाणपत्र प्राप्त वा सम्वन्धित विषयमा ६ महिनाको तालीम गरी १ वर्षको अनुभव प्राप्त | जलविद्युत आयोजना वा सिभिल निर्माण वा मर्मत संभारमा १ वर्षभन्दा बढी काम गरेको अनुभवलाई विशेष ग्राह्यता |

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः** हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभव प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित विषयको तालीमका प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, इन्जिनियरिङ्ग पदहरुको हकमा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, विदेशी संस्थामा अध्ययन गरेका उम्मेद्वारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्र।

**दरखास्त दिने स्थान तथा ठेगानाः**

एनइए इन्जिनियरिङ्ग कम्पनीको कार्यालय, ट्रेड टावर थापाथली, काठमाडौं वा इमेलः hrneaec@gmail.com वा hr@neaec.com.np

**परीक्षाको किसिमः** सामूहिक छलफल (योग्यता/दक्षता परीक्षण) तथा अन्तर्वार्ता ।

**परीक्षाको मिति तथा केन्द्रः** कम्पनीको वेवसाइट www.neaec.com.np मा पछि प्रकाशित गरिनेछ।

**करार अवधिः** एक वर्ष।

**नोटः** संक्षिप्त सूची (Short List) मा परेका उम्मेद्वारहरुको सामूहिक छलफल कार्यक्रमको सूचना कम्पनीको वेवसाइट www.neaec.com.np मा पछि प्रकाशन गरिनेछ ।

**छनौट उपसमिति**